

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १३ गते मंगलबार ❑ 26 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## फेवा नव वर्ष महोत्सव : पर्यटकीय राजधानीको महिमा र गरिमा बढ्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत



पोखरामा यही चैत २९ गतेदेखि वैशाख १ गतेसम्म होटेल सङ्घ पोखरा नेपालले गर्न लागेको १९औँ फेवा नव वर्ष महोत्सव पर्यटकीय राजधानीको गरिमा र महत्व बढाउने किसिमको हुनुपर्नेमा पर्यटन सम्बद्ध क्षेत्रका अगुवाले जोड दिएका छन् ।

महोत्सवका सन्दर्भमा सोमबार सङ्घले आयोजना गरेको छलफल एवम् अन्तरक्रियामा सहभागीले यही चैत ४ गते पर्यटकीय राजधानी घोषणा भएको पोखरामा हुनलागेको महोत्सवमा यसको इज्जत धान्ने गरी नयाँपन प्रदान गर्नुपर्ने बताए । पोखराको फिस्टेल गेटदेखि हल्लनचोकसम्म हुने महोत्सवमा नेपाली मौलिक संस्कृतिको संरक्षण गर्दै पछिल्लो पुस्ताको इच्छा र रुचिसमेतलाई दृष्टिगत गरी कार्यक्रमको तयारी गरिएको सङ्घका अध्यक्ष एवम् महोत्सवका संयोजक लक्ष्मण सुवेदीले जानकारी दिनुभयो ।

महोत्सवलाई भव्य र सभ्य बनाउन गठित विभिन्न २१ वटा उपसमितिले आआफ्नो तयारी तीव्र बनाएको बताउँदै उहाँले यसैका सन्दर्भमा पोखराका विभिन्न पर्यटकीय सङ्घसंस्थाका तर्फबाट भारी छुट प्रदान गरिएको जानकारी गराउनुभयो । महोत्सवमा सांस्कृतिक कार्यक्रम, पञ्चेबाजा, नाचगानका कार्यक्रम, दोहोरी र कन्सर्ट समेटिने उल्लेख गर्दै सुवेदीले यसपटक ड्यामसाइड क्षेत्रसमेतमा विविध गतिविधि सञ्चालन गरिने बताउनुभयो । महोत्सवमा पर्यटक दौड र सम्भव भएसम्म डुङ्गा दौडसमेत समेटिने उहाँको भनाइ छ ।

पर्यटन, संस्कृति र खानालाई जोड दिएर गरिएको महोत्सवले कोरोना महामारीलगायतका कारण प्रभावित पर्यटनलाई चलायमान बनाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको छ । अन्तरक्रियामा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले महोत्सवको प्रचारका लागि डिजिटल मार्केटिङलाई जोड दिन र भारतीय सञ्चारकर्मीसमेतलाई आमन्त्रण गर्न सुझाव दिनुभयो । पोखरालाई पर्यटनको राजधानीको रुपमा घोषणा गरिएपछि यसलाई एउटा ब्राण्डको रुपमा प्रचारप्रसार गर्न उहाँले सुझाव दिनुभयो ।

कार्यक्रममा सङ्घका निवर्तमान अध्यक्ष विकल तुलाचन, महासचिव राजेन्द्र ढकाल, पोखरा उद्योग वाणिज्य सङ्घ, पर्यटनसम्बद्ध संस्था टान गण्डकी, नाट्टा गण्डकी, महिला पर्यटन व्यवसायी मञ्च, पोखरा पंक्षी समाज, नेपाल हवाई खेलकूद संस्थालगायतका तर्फबाट अध्यक्ष तथा प्रतिनिधिले फेवा नव वर्ष महोत्सव पोखराको पहिचान बनिसकेको बताउँदै पर्यटकीय राजधानी घोषणासँगै हुनलागेको महोत्सव भव्य र सभ्य बन्नुपर्नेमा जोड दिनुभएको थियो । उक्त अवसरमा महोत्सवलाई सफल पार्न आफ्ना संस्थाकातर्फबाट साथ र सहयोग रहने प्रतिवद्धता व्यक्त गरिएको थियो ।

## प्रथम ड्रागन बोट रेस प्रतियोगिताको उपाधि वाटर स्पोर्ट्स नेपाललाई

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत



प्रथम राष्ट्रिय ड्रागन बोट रेस प्रतियोगिता २०८० को उपाधि वाटर स्पोर्ट्स नेपालले जितेको छ । पोखराको बेगनास तालमा सोमबार सम्पन्न भएको खेलमा वाटर स्पोर्ट्स नेपालले अन्य १३ टिमलाई पछि पार्दै उपाधि सहित नगद ३ लाख हात पार्न सफल भयो ।

५ सय मिटरको दुरी दुई चरणमा वाटर स्पोर्ट्स नेपालको समुहले ३ मिनेट ५७ मिनेट १९० मिलिसेकेण्डमा पार गरी प्रथम हुन सफल भएको हो । त्यसै गरी नारा पोखराको समुहले ३ मिनेट ५७:५९० सेकेण्डमा उक्त दुरी पार गर्दै दोश्रो हुँदा ४ मिनेट ६:८५० सेकेण्डमा उक्त दुरी पार गरी नेपाली सेनाको टिम तेश्रो हुन सफल भएको छ । घरेलु टिम बेगनास डुंगा व्यवसायी समितिको टिम भने शान्त्वना भएको छ ।

प्रतियोगितामा २ सय मिटर तर्फको ड्रागन वोट रेसमा नारा पोखराको समुहले उपाधि जित्यो । नारा पोखराले निर्धारित दुरी १ मिनेट ४३:४८० सेकेण्डमा पार गर्नु भएको थियो । दोश्रो भएको वाटर स्पोर्ट्स नेपालले भने १ मिनेट ४४:८१० सेकेण्डमा उक्त दुरी पार गर्नु भएको हो । तेश्रो भएको हर्पन फेवा मत्स्य सहकारी(जलारी समुह) ले तेश्रो स्थान हासिल गर्‍यो । उहाँहरुले उक्त दुरी १ मिनेट ५१:५९० सेकेण्डमा पार गर्नु भएको हो । प्रतियोगितामा खास्टे निउरीनी शान्त्वना हुन सफल भयो । पहिला तर्फको ५ सय मिटरमा बेगनासताल डुंगा व्यवसाय समिति(महिला समुह) प्रथम, बेगनास मत्स्य व्यवसाय समिति(महिला समुह) दोश्रो र जलारी दिदी बहिनी समुह तेश्रो हुनु भयो । विजेताले निर्धारित दुरी दुई राउण्डमा ५ मिनेट ७:३१० सेकेण्डमा, दोश्रोले ५ मिनेट ८:६०० सेकेण्डमा र तेश्रोले भने ५ मिनेट २७:६५० सेकेण्डमा पार गर्नु भएको थियो ।

त्यसै गरी प्रतियोगितामा २ सय मिटर डुंगा दौड महिला तर्फ बेगनासताल मत्स्य व्यवसाय समिति प्रथम भएको छ । उक्त दुरी २ चरणमा २ मिनेट १७:३४ सेकेण्डमा पार गरी मत्स्य व्यवसाय समिति प्रथम भएको हो । प्रतियोगितामा बेगनास ताल डुंगा व्यवसायी समिति दोश्रो र जलारी दिदी बहिनी समुह तेश्रो हुनु भयो । दोश्रोले निर्धारित दुरी २ मिनेट १७:५९ सेकेण्डमा र तेश्रोले भने २ मिनेट १९:१५ सेकेण्डमा पार गरेका हुन्। विजयी खेलाडीहरुलाई नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य मदन आचार्य, चाइनिज दुतावासका डिपुटि चिफ अफ मिसन वाङसिङ, नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख नविन पोखरेल, पोखरा महानगरपालिकाका प्रवक्ता मोतीराम तिम्सिना, पर्यटन विकास समिति पोखरा महानगरपालिकाका उपाध्यक्ष रविन्द्रराज पौडेल, कार्यक्रम संयोजक एवं होटल तथा रेष्टुरेण्ट एसोसियसन लेखनाथका अध्यक्ष वीरभद्र कँडेल लगायतले पुरस्कार वितरण गर्नु भएको थियो । प्रतियोगितामा पाँच सय मिटरमा दोश्रो हुनेले एक लाख ५० हजार र तेश्रो हुने टिमले ७५ हजार पुरस्कार प्राप्त गर्नु भयो । दुई सय मिटरमा प्रथम हुनेलाई एक लाख दोश्रोलाई ५० हजार र तेश्रो हुनेलाई २५ हजार पुरस्कार प्रदान गरिएको छ । महिला तर्फ भने विजेताले ५० हजार, उपविजेताले ३० हजार र तेश्रो हुनेले २० हजार पुरस्कार प्राप्त गरे । बेगनास तालको पिप्ले टुडादेखि मन्दरे पार्क सम्मको क्षेत्रमा प्रतियोगिता भएको हो । नेपाल पर्यटन बोर्ड गण्डकी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## केही महिनामै जनताले परिवर्तनको महसुस गर्नेछन् : मन्त्री गिरी

**पोखरापत्र संवाददाता**
पर्वत, १२ चैत



कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले अबको केही महिनामै नेपाली जनताले मुलुक परिवर्तन भएको महसुस गर्ने बताउनुभएको छ ।

पर्वतको लुंखुदेउरालीमा सोमबार आयोजित कार्यकर्ता भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री गिरीले अघिल्लो गठबन्धन भत्किएर पुनःगठित सरकार मुलुकका तमाम समस्या समाधानका लागि बनेको बताउनुभयो । उहाँले अर्थतन्त्रलाई लयमा फर्काउनेदेखि लिएर मुलुकमा सुशासन कायम गराउन सरकारलाई मुख्य चुनौती रहेको भन्दै अबको आठ/दश महिनामा धेरै कुरा परिवर्तन हुने बताउनुभयो । उहाँले सरकारले भ्रष्टाचार न्यूनीकरण र सुशासनको प्रवर्द्धनका लागि कामअघि बढाइ सकिएको बताउँदै न्यूनतम् साझा कार्यक्रमको सफल कार्यान्वयन गर्नतर्फ अग्रसर भएको दाबी गर्नुभयो । मन्त्री गिरीले बढ्दो युवा पलायन रोक्नका लागि उचित युवामैत्री नीति ल्याउनतर्फ आफू लागेको बताउनुभयो ।

गरिबमैत्री, युवामैत्री, लगानीमैत्री कानुन र नीतिकै अभावमा तमाम समस्या पैदा भएको भन्दै अब नागरिकमैत्री ऐन कानुन यो सरकारले ल्याउने दाबी गर्नुभयो । अहिलेको सरकारलाई काम नगरी दिन कटाउने छुट नभएको उहाँले बताउनुभयो । विगतका सरकारले सत्ता टिकाउने खेल मात्र खेलेका कारणमुलुक आज यो अवस्थामा पुगेको भन्दै अब आर्थिक समृद्धि र विकासका लागि सरकारले चार वर्षसम्मै काम गर्ने उहाँको भनाइ छ । मन्त्री गिरीले यो सरकार पूरै कार्यकालसम्म रहने दाबी गर्नुभयो । उहाँले लामो समयदेखि विचाराधीन रहेका विधेयक यो सरकारले आवश्यक प्रक्रिया पूरा गरी धमाधम संसद्मा पेश गर्ने र पारित गर्ने बताउनुभयो ।

मन्त्री गिरीले विकास निर्माणमा तीनै तहका सरकारबीच समझदारी आवश्यक रहेको बताउनुभयो । ठूलो योजना सङ्घीय सरकारबाट, मझौला खालका योजना प्रदेश र साना योजना स्थानीय तहबाट कार्यान्वयन गर्न सकेमा मात्र एकीकृत विकास हुने उहाँको भनाइ छ । आफूलाई दुई/दुई पटकसम्म प्रतिनिधिसभामा विजयी गराएर पठाउने पर्वतवासी नागरिकका चाहना र आवश्यकता पूरा गर्नका लागि हरदम प्रयासमा लागेको उहाँको भनाइ छ । उहाँले योजनालाई प्राथमिकीकरण गरेर बजेट माग गर्न पनि आग्रह गर्नुभयो । सबैभन्दा बढी आवश्यक र धेरै जनताको माग भएका योजनालाई पहिलो प्राथमिकतामा र कम आवश्यकता भएका योजनालाई पछि बनाउने गरी बजेट माग गर्न उहाँले आग्रह गर्नुभयो ।

## प्रधानमन्त्री सहित मन्त्रीलाई म्याग्दीका समस्याका विषयमा ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ चैत


म्याग्दीका जनप्रतिनिधिको टोलीले जिल्लाका दुरगामी महत्वका विकास आयोजनामा बजेट व्यवस्थापनका लागि सोमबार प्रधानमन्त्री र विभागीय मन्त्रीको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड), अर्थमन्त्री वर्षमान पुन, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेत, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मिनबहादुर श्रेष्ठसँगको भेटमा सङ्घीय सरकारमार्फत म्याग्दीमा सञ्चालित आयोजना निर्माणलाई गति दिने विषयमा पनि छलफल भएको छ । सो अवसरमा गण्डकी प्रदेशसभा सदस्य तथा नेकपा (माओवादी केन्द्र)का म्याग्दी जिल्ला संयोजक रेशमबहादुर जुग्जाली, प्रदेशसभा सदस्य हरिबहादुर भण्डारी, माओवादी केन्द्रका युवा नेता नगेन्द्र केसी सहभागी हुनुभएको थियो ।

माओवादी केन्द्रका केन्द्रिय सचिव तथा गण्डकी प्रदेश ईन्चार्ज दिननाथ शर्मा र गण्डकी प्रदेशसभाको संसददीय दलका नेता हरिबहादुर चुमानसमेत सहभागी प्रधानमन्त्री दाहालसँगको भेटघाटमा गण्डकी प्रदेशमा नयाँ सरकार गठनका विषयमा पनि छलफल भएका प्रदेशसभा सदस्य भण्डारीले बताउनुभयो ।

"भेटघाटका क्रममा म्याग्दीका विकास आयोजना कार्यान्वयनको अवस्था, थप आयोजना, नीति निर्माण र राजनीतिक विषयमा छलफल भयो," उहाँले भन्नुभयो "बेनी अस्पतालको भवन, मालढुङ्गा-बेनी, बेनी-जोमसोमसडक,बृहतपिप्ले-भगवती, घोप्टेखोला खानेपानीलगायत सङ्घीय सरकारमार्फत सञ्चालित योजनामा भएको ढिलाइका विषयमा ध्यानाकर्षण गराएका छौँ ।" बृहत पिप्ले-भगवती खानेपानी आयोजनाका लागि खानेपानी मन्त्रालयले अर्थ मन्त्रालयमा पठाएको प्रस्ताव स्विकृत गर्न अर्थमन्त्री पुनलाई अनुरोध गरिएको प्रदेशसभा सदस्य भण्डारीले बताउनुभयो । प्रधानमन्त्री, अर्थमन्त्री र योजना आयोगका उपाध्यक्ष डा श्रेष्ठलाई बेनी-दरवाङ-मुना-जलजला-ढोरपाटन- रुकुम पूर्व जोड्ने सडकलाई मध्य पहाडी लोकमार्गको बैकल्पिक मार्ग बनाउन प्रस्ताव गरिएको उहाँले बताउनुभयो । बेनी-जोमसोम-कोरलासडकआयोजनाकोम्याग्दी खण्डमा पहिरो नियन्त्रणका लागि बजेट व्यवस्था मिलाउन

बाँकी अन्तिम पृष्ठमा ▶▶

# पूर्व कर्मचारी सेवा परिषद्को ज्येष्ठ नागरिक दिवा सेवा तथा पुस्तकालय स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

पूर्व कर्मचारी सेवा परिषद् नेपाल कास्की शाखाले ज्येष्ठ नागरिक दिवा सेवा तथा पुस्तकालय स्थापना गरेको छ।

परिषदमा हालै आयोजित एक समारोहका बिच गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेतले उक्त सेवाको उद्घाटन गर्दै पूर्व कर्मचारीहरुसंग धेरै अनुभव भएको बताउदै देशमा उहाँहरुले पुराएको योगदानलाई राज्यले सधैं सम्मान गर्नुपर्नेमा जोड दिनु भयो। परिषद कास्कीका अध्यक्ष नरहरी बरालको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व नायब महालेखापरिक्षक रामबाबु नेपाल, गण्डकी प्रदेशको पशु विकास



निर्देशनालयका महानिर्देशक प्रेरणा भट्टराई, परिषदका उपाध्यक्ष अनन्तराज लम्साल, सदस्य गिरधारी सुवेदी लगायतले बोल्नु भएको थियो। परिषद्को प्राङ्गणमा एक समारोहमा गण्डकी प्रदेशका प्रमुख सचिब लक्ष्मीकुमारी बस्नेतको प्रमुख आतिथ्थतामा पुस्तकालयको स्थापना, दिवा सेवा कार्यक्रमको उद्धाटन, पूर्व नायब महालेखापरिक्षक रामबाबु नेपालद्धारा सरकार प्रतिको जनबिश्वास यसका आयामहरुका बिषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

संस्थाका संस्थापक अध्यक्ष स्व.खेमनाथ शर्माको पुण्य स्मृतिमा उहाँका छोराहरु प्रताप, प्रदिप बुहारी श्रृजना, सपना पौडेलद्धारा स्थापना गरिएको बुहारी सम्मान अक्षयकोषको लागि २ लाख ५ हजारको चेक हस्तान्तरण समेत गरिएको छ। हालै निबृत हुनु भएको गुरु पौडेललाई आजिवन सदस्यता समेत प्रदान गरिएको थियो।

गण्डकी प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय सहितको सहयोग रहेको बताउदै अध्यक्ष बरालले उक्त सेवा स्थापनाले परिषदका सदस्यहरुलाई जीवनयापनमा सहज र सरल हुने विश्वास व्यक्त गर्नु भयो।

# कास्की जिल्ला साइक्लिङ संघको अध्यक्षमा पुनः भण्डारी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

कास्की जिल्ला साइक्लिङ संघको अध्यक्षमा पुनः शंकर भण्डारी चयन हुनु भएको छ। पोखरामा हालै सम्पन्न साधारणसभा तथा अधिवेशनले भण्डारीलाई दोश्रो कार्यकालका लागि अध्यक्षमा सर्वसम्मत चयन गरेको छ।

अधिवेशनले नौ सदस्यिय कार्यसमिति आगामी चार वर्षका लागि चयन गरेको हो। संघको उपाध्यक्षमा जगन वहादुर विश्वकर्मा, सचिवमा तुल बहादुर गुरुङ र कोषाध्यक्षमा कमल बहादुर नेपाली चयन हुनु भएको छ। त्यसैगरी सदस्यहरुमा क्रमश



अशोक चालिसे, रविश्वर आचार्य, वमन चालिसे, आशामिंया श्रीमल र एलिना सापकोटा चयन हुनु भयो। सोही दिन नवौं राष्ट्रिय खेलकुदमा स्वर्ण पदक बिजेता खेलाडी हिक्मत विक र प्रशिक्षक धन थापालाई सम्मान गरिएको थियो। साधारण सभाको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बाँनियाले उद्घाटन गर्नुभएको कास्की जिल्ला साइक्लिङ संघको नव आगन्तुक सदस्य तथा ल्याव टेक्निसियन संदिप पोखेलले पोखरापत्रलाई वताउनु भयो। कार्यक्रममा पोखरा महानगर खेलकुदका अध्यक्ष दिपक बहादुर गोदार लगायतले शुभकामना व्यक्त गरे।

# प्रथम ड्रागन...

प्रदेशको कार्यालय पोखरा र पोखरा महानगरपालिकाको आयोजना, ड्रागन बोट एसोसियसन गण्डकी प्रदेश र होटल तथा रेष्टुरेण्ट एसोसियसन लेखनाथको संयुक्त सह–आयोजनमा उक्त प्रतियोगिता भएको हो। लेखनाथ उद्योग बाणिज्य संघ र राष्ट्रिय खेलकुद परिषद उक्त प्रतियोगिताको सहयोगी संस्थाको रुपमा रहेका छन। आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने गरि ड्रागन बोट रेस प्रतियोगिता भएको ड्रागन बोट एसोसिएसन गण्डकीका अध्यक्ष दिपक सुवेदीले बताउनु भयो। गत वर्ष पोखराको फेवातालमा अन्तर्राष्ट्रिय स्तरको ड्रागन वोट रेस भएको थियो। फागु पूर्णिमाको अवसर पारेर बेगनास तालमा हुने उक्त प्रतियोगिताले पोखराको खेल पर्यटन प्रबर्द्धन गर्न टेवा पुग्ने नेपाल पर्यटन बोर्ड गण्डकी प्रादेशीक कार्यालयका प्रमुख नवीन पोखरेलले बताउनु भयो।

पोखराको लेकसाइड देखि प्रतियोगिता स्थल बेगनाताल क्षेत्रसम्म आइतबार र सोमबार निःशुल्क २ वटा बसको समेत व्यबस्था गरिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रादेशीक कार्यालयका कार्यक्रम अधिकृत कुन्दन मिश्रले बताउनु भयो।

# सहारा एकेडेमीमा थप १७ जना बालकको खोजी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

पोखराको सहारा क्लवले आउँदो नयाँ शैक्षिक सत्र २०८१ देखि संचालन गर्ने गरी सहारा फुटवल एकेडेमीमा थप १७ जना बालकलाई ब्यबस्थापन गर्ने भएको छ।

पोखरा १७ दोभिल्लामा रहेको सूर्यबहादुर केसी मेमोरियल सहारा आवसीय फुटबल एकेडेमीमा चौंथो ब्याजको लागि बाँकी १७ प्रशिक्षार्थी बालकहरुलाई नयाँ भर्ना गर्ने निर्णय अनुसार १७ जना बालकहरुको खोजी गरिएको क्लवले जनाएको छ। एकेडेमीमा भर्ना हुने प्रशिक्षार्थी बालकहरुको न्यूनतम योग्यता तथा मापदण्ड समेत क्लवले सार्वजनिक गरेको हो। कठिन परिस्थिति तथा विपन्न वर्गको भएकाहरु मध्य बुवा वा आमा गुमाएको वा दुबै गुमाएको, बुबाआमा अपांगता भएको, प्रशिक्षार्थी बालक २०८० चैत मसान्तरमा १० वर्ष पूरा भएर १२ वर्ष ननाघेको, जन्म मितिः २०७० बैशाख देखि चैत्र सम्म जन्म भएको तथा कक्षा ५ वा ६ उत्तिर्ण गरेको हुनुपर्ने क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो।

शारीरिक तथा मानसिक रुपमा तन्दुरुस्त भएको, नजिकको नातेदार वा बालक आश्रित संघ संस्थाको आवेदन, बालकको बुवाआमाको वा नजिकको नातेदारकी नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी वा आश्रित संघसंस्थाको दर्ता प्रमाणपत्रको फोटोकपी, स्थानीय निकायको सिफारिसको सक्कल, जन्मदर्ताको प्रमाणपत्र (हस्पिटलको जन्म दर्ता समेत), सम्बन्धित बालकको चलअचल सम्पत्ति भए सोको निस्साको फोटोकपी, बालकको हालसालै खिचेको फोटो २ थान सहित आवेदन फाराम यही चैत मसान्तर भित्र बुझाउनु पर्ने क्लवले जनाएको छ। सहारा एकेडेमीमा हाल ७ जिल्लाका १३ जना बालहरु रहनु भएको छ।

# अनुभव आदान प्रदान गर्दै सामुदायिक सेवा केन्द्र वगर

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरले मैत्रीपूर्ण अवलोकन भ्रमण गरेको छ।

नुवकोट जिल्लाको नुवाकोट दरवार, ऐतिासिक धार्मिक स्थल देवि घाट, वनदेवि मन्दिर, जिल्ला प्रहरी कार्यालय रसुवा, धुन्चे, नेपाल चीनको सिमाना रसुवागढीका महत्वपूर्ण ठाउँहरुको अवलोकन गरिएको थियो। केन्द्रले हरेक वर्ष गरेका कार्यक्रमको अनुभव साट साट र त्यस क्षेत्रमा रहेका सामुदायिक र प्रहरी कार्यालयका गतिविधि वारे जानकारी लिने उद्देश्यले अवालोकन भ्रमण गर्दै आएको सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीले जानकारी दिए। 'विशेष गरी ती जिल्लामा भएका सामुदायिक सेवा केन्द्रका वारेमा जानकारी लिइ अनुभव साटासट गर्ने उद्देश्यले अवलोकन भ्रमण रहेको थियो' अध्यक्ष अधिकारीले भने, 'धेरै जिल्लामा सामुदायिक सेवा केन्द्र गठन हुन नसेको भएका पनि सक्रियता नभएकाले सामुदायिक सेव केन्द्र स्थापन र सक्रिया बढाउन आवश्यक रहेको छ।'

त्यस अवसरमा जिल्ला प्रहरी कार्यालय रसुवामा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। अन्तरक्रिया कार्यक्रममा बोल्दै जिल्ला प्रहरी कार्यालय रसुवाका प्रमुख प्रहरी नायव उपरीक्षक सुवाष वुढाथोकीले कास्की जिल्लाम सामुदायिक प्रहरीको सक्रियता अरु जिल्लाले पनि सिको गर्नु पर्ने बताए। 'कास्की जिल्लामा गठन भएका सामुदायिक प्रहरी सेवाको सक्रियताबारे नजिकबाट नियाल्ने अवसर मिलेको थिएन आज रसुवामा नै आएर त्यहाँको वारेमा जानकारी लिने मौका मिल्यो' प्रहरी उपरीक्षक बुढाथोकीले भने, 'समुदायक सँग प्रहरीको समन्वय गर्नका लागि हरेक जिल्लामा सामुदायिक सेवा केन्द्र आवश्यक रहेको छ।' रसुवामा सामुदायिक सेवा केन्द्र नरहेको उल्लेख गर्दै उनले समुदायसँग नजिक हुनका लागि प्रत्येक घरमा प्रहरीको महत्वपूर्ण फोन नम्वर सहितको स्टिकर टास्ने अभियान गरिएको जानकारी दिए।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका पूर्व अध्यक्ष तथा सल्लाहकार पुरुषोत्तम श्रेष्ठले सामुदायिक सेवा केन्द्र वगरले गरेका गतिविधि जानकारी दिए। सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरकी पूर्व अध्यक्ष तथा सल्लाहकार जीवन अधिकारीले समुदाय र प्रहरी वीचको समन्वमा समाजका विकृति विसंगती न्यूनिकरण गर्न सहजता हुने बताइन्। अवलोक भ्रमणमा ३४ जनाको सहभागिता रहेको सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका कोषाध्यक्ष तथा कार्यक्रम संयोजक कृष्ण बहादुर तामाङले जानकारी दिए। कार्यक्रमको सहजिकरण प्रहरी वरिष्ठ नायव निरीक्षक होतबहादुर रोकाहले गरेका थिए।


## महिनावारीको समयमा ध्यान दिऔं

- नियमित रुपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला–बेलामा हात धुने गरौं,
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रयोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु धोए पछि घाममा राम्रोसँग सुकाएर मात्र पुनःप्रयोग गरौं,
- सामान्य शारिरीक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानीलगायत झोलिलो खानेकुरा खाऔं, सरसफाईमा विशेष ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# प्रधानमन्त्री...

पनि अर्थमन्त्रीलाई टोलीले अनुरोध गरेको टोलीले जनाएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीसँग बेनी बजार संरक्षण आयोजनालाई पूर्णता दिन थप बजेट व्यवस्थापन, बगरफाँट, सिङ्गा, तातोपानी, बाबियाचौर, दरवाङ, गलेश्वर, तिप्ल्याङ, भुरुङ्ग-तातोपानी, पोखरेबगरलगायत तटीय बस्ती संरक्षणका लागि नयाँ आयोजना माग, निर्माणाधिन राहुघाटलगायत जलविद्युत, विद्युतिकरण र प्रशारण लाइन आयोजनालाई गति दिने विषयमा छलफल भएको थियो। टोलीले सहरी विकास मन्त्री धनबहादुर बुढा, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री रघुबिर महासेठ, खानेपानी मन्त्री राजेन्द्र राई, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङसँग पनि भेटघाट गरेर विकास आयोजनामा बजेट व्यवस्थापनका विषयमा छलफल गर्ने कार्यक्रम रहेको जनाएको छ।

# खेलकुदका कार्यक्रम व्यवस्थित गर्न परिषद्द्वारा परिपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत

गण्डकी प्रदेशमा खेलकुदसँग सम्बन्धित कार्यक्रम छोटो, छरितो, अनुशासित र मर्यादित बनाउनका लागि प्रयास सुरु गरिएको छ।


प्रदेश खेलकुद परिषद्ले प्रदेशमा हुने खेलकुद प्रतियोगिता तथा खेलकुदसँग सम्बन्धित कार्यक्रमको उद्घाटन र समापन कार्यक्रमलाई व्यवस्थित गराउनका लागि ११ वटै जिल्ला खेलकुद विकास समितिलाई परिपत्र गरेको छ। खेलकुदका कार्यक्रमसमेतमा लामो र पट्यार लाग्ने गरी आसन ग्रहण र शुभकामना मन्तव्यमा घण्टौं लाग्ने गरी हुँदै आएका कार्यक्रमलाई छरितो बनाउनका लागि सबै जिल्ला खेलकुद विकास समितिलाई परिपत्र गरिएको प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "परिषद्ले ११ वटै जिल्ला खेलकुद विकास समितिलाई पत्र लेख्दै खेलकुद कार्यक्रममा आसन ग्रहण, वक्ताको पट्यार लाग्दा भाषण छोट्याउन आग्रह गरेका छौं। खेलकुदका उद्घाटन तथा समापन कार्यक्रमलाई छोटो, छरितो तथा फजुल खर्च निरुत्साहित गर्ने योजनामा छौं।" शर्माका अनुसार कार्यक्रमको आसन ग्रहण र मन्तव्य कार्यक्रमलाई छोटो, छरितो, अनुशासित र मर्यादिन बनाउने र विदेशबाट आयातित माला र फूलको प्रयोग गरिने छैन। यसैगरी कुनै पनि कार्यक्रममा प्लाष्टिकजन्य तथा वातावरण प्रदुषणजन्य सामग्री, ठूलो ध्वनी आउने साउण्ड सिस्टेम, महङ्गा तथा प्रयोगमा नआउने खालका मायाँको चिनो, खादा तथा दोसल्ला प्रयोगसमेत नगर्न निर्देशन गरिएको छ।


## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हार्डी

## सम्पादकीय

# कर्मचारीको मनोबल उठाउने प्रयास

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कार्यसम्पादन गर्दा कसैको भय र त्रासमा नपर्न आग्रह गरेका छन् । प्रधानमन्त्री कार्यालयमा भएको सचिवहरूको नियमित बैठकमा प्रधानमन्त्री प्रचण्डले कानून बमोजिम काम गर्न कसैले डराउनु नपर्ने बताएका छन।कर्मचारीले कुनै निर्णय गर्न नचाहने र सबै कुरा राजनीतिक नेतृत्वलाई पन्छाउने गरेका छन । कुनै निर्णय विवादमा पर्ने बित्तिकै अख्तियारमा परिन्छ कि भन्ने त्रास छाप्रधानमन्त्रीले नियत सफा राखेर काम गर्ने कुनै पनि राष्ट्र सेवक कर्मचारीमाथि समस्या पर्न नदिने ढाडस दिएका छन ।

स्थायी सरकार भनेको कर्मचारीतन्त्र हो ।उस्को मनोबल नबढाई काम गर्ने आँट आउदैन ।कर्मचारीको मनोबल बढाउने गरि प्रधानमन्त्री प्रचण्डले निर्दोषलाई समस्या भएमा त्यसको जिम्मेवारी आफू तयार रहेको सचिवहरुलाई विश्वासमा लिन खोजेका छन । ' कार्यसम्पादन गर्दा कसैको भय र त्रासमा नपर्नु होला, कानून बमोजिम काम गर्न डराउनु पर्दैन,' प्रधानमन्त्री प्रचण्डले भनेका छन, 'असल नियतले काम गरेको विषयमा निर्दोष मानिसलाई कही कतै समस्या भएमा त्यसको जिम्मेवारी मैले लिनेछु ।' तेस्रोपटक प्रधानमन्त्री बनेपछि प्रचण्डले सुशासनको पक्षमा जोड दिएका छन ।

सुशासनका लागि सेवा प्रवाहमा सुधार आवश्यक छासेवा प्रवाहमा सुधारका लागि कर्मचारीलाई सहजरूपमा काम गर्ने वातावरण हुनुपर्छ । त्यसका लागि राजनीतिक नेतृत्वले अनावश्यक हस्तक्षेप गर्नु हुँदैन । राजनीतिक नेतृत्वको चाल बुझेर मात्र काम गर्ने कर्मचारीले कानुनले सुम्पेको काम गर्न पनि डराउने प्रबृत्ति हटाउन भयरहित वातावरण चाहिन्छ । दबाब दिएर काममा लगाउदा फसिने डर हुन्छ । त्यसबाट मुक्ति आजको आवश्यकता हो ।

नयाँ समीकरणको सरकार थप ऊर्जा, नयाँ सोच, उद्देश्य, कार्यसूची र कार्ययोजनाका साथ आएको छ । प्रधानमन्त्री प्रचण्डले सोहीअनुरूप अगाडि बढ्न निर्देशन दिएका छन । 'राजनीति र प्रशासक सरकारका अभिन्न अङ्ग हुन्'उनले भने, 'हालसम्म यहाँहरूबाट सहयोग प्राप्त हुँदै आएको छ अझै थप जाँगर र जोसका साथ काम गर्नु हुनेछ भन्ने विश्वास लिएको छु प्रधानमन्त्रीको कर्मचारीमाथिको विश्वास र भरोसा हो ।

जनताले प्रत्यक्ष अनुभूति गर्नेगरी सेवाप्रवाह गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले शिक्षा, स्वस्थ्य, यातायातजस्ता आधारभूत सेवा, राहादानी, सवारी चालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र वितरण तथा मालपोत करदस्तुर बुझाउनेजस्ता सेवा लिन नागरिकले बेहोरेका सास्ती हटाउने काम तत्काल प्राथमिकतामा राख्न निर्देशन दिएका छनाथोरै सुधार हुँदा पनि जनताले परिवर्तनको अनुभूति गर्छन् । जनतले राहत महसुस गर्न पाएमा कर्मचारीलाई नै जस मिल्छात्यसको लागि सरकारले जस्तै नयाँ परिवेश अनुसार काम गर्न कर्मचारी तन्त्रले अठोट गर्नुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीमा असिनापानीले हिउँदे बालीमा क्षति

पोखरापत्र संवाददाता
म्याग्दी, १२ चैत

म्याग्दीमा सोमबार साँझ परेको भीषण असिना पानीले हिउँदे बालीलाई क्षति पुऱ्याएको छ । लामो खडेरीपछि परेको असिना पानीले जिल्लाको रघुगङ्गा गाउँपालिका र बेनीनगरपालिका क्षेत्रका हिउँदे खेतीबालीमा क्षति पुऱ्याएको हो ।

रघुगङ्गामा दिउँसो करिब २ बजेदेखि सुरु भएको असिना करिब तीन घण्टासम्म परेको थियो भने बेनी नगरपालिका क्षेत्रमा साँझ ५ बजेपछि असिना परेको थियो । असिनाले खेतबारीमा भित्र्याउने अवस्थामा पुगेको गहुँ, जौ, केराउलगायतका खाद्यबाली सबै नष्ट गरेको छ । त्यसैगरि खेतमा भर्खर उम्रिएका मकै बालीसमेत अनिसाले पूर्ण रुपमा क्षतविक्षत बनाएको कृषकले बताएका छन् । असिनाले सुन्तला, कागतीलगायतका फलफूलमा लागेको फूल झरेको छ । रघुगङ्गा गाउँपालिकाको पिप्ले, भगवती, कलेजाबाङ, मौवाफाँट, बेग, दग्नाम, भिँ, पाखापानी, बेनीनगरपालिकाको पात्लेखेत, घतान, पुलौचार, अर्थुङ्गे, बगरफाँट, बेनीबजार लगायतका स्थानमा भारी असिना पानी भएको थियो । असिनाले गौ, जौ, तोरी लगायतका खाद्यवालीसँगै तरकारी खेतीमा ठूलो क्षति पुऱ्याएको बेनी नगरपालिका-९ तोरीपानीका कृषक भद्रबहादुर बानियाँले जानकारी दिनुभयो । " हिउँदभर सिँचाइ गर्न पानी आएन, अहिले एकैपटक अनिसा पानी खस्यो, भित्र्याउने तयारी गरेको हिउँदेबाली सबै पूर्ण रुपमा नष्ट गरेको छ', कृषक बानियाँले भन्नुभयो । असिना पानीले हिउँदेबालीमा क्षति पुऱ्याएपछि स्थानीय तह र कृषि ज्ञान केन्द्रले क्षतिको विवरण सङ्कलन गर्ने काम सुरु गरेको जनाएका छन् । अनिसा पानीले पुऱ्याएको क्षतिको वडास्तरबाट विवरण सङ्कलन गर्न थालिएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो ।

# मारिया मन्टेश्वरीमा दिक्षान्त समारोह

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

पोखरा ७ मासबारमा रहेको मारिया मन्टेश्वरीले यूकेजीमा अध्ययनर विधार्थीलाई दिक्षित गरेको छ । एक समारोहका विच यूकेजी कक्षाका २६ जना विधार्थीलाई दिक्षित गरेको हो ।

कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका शिक्षा महाशाखाका शिक्षा अधिकृत सोमनाथ भण्डारीले भौतिक पुर्वाधारमा अब्बल मारिया मन्टेश्वरीले शिक्षण सिकाइ प्रकृयालाई अगाडी बढाउने क्रममा छोटो समयमा नै पहिचान बनाउन सकेको बताउनुभयो । उहाँले महिलाहरुलाई रोजगारी सृजना गर्न मन्टेश्वरीहरुले ठूलो भूमिका खेलेको बताउनुभयो।उहाँले सम्पुर्ण स्रोत र साधनले सम्पन्न मारिया मन्टेश्वरीको शैक्षिक गतिविधिलाई थप सशक्त तबरले अगाडि बढाउन शुभकामना दिनुभयो । पोखरा महानगरपालिकाका शिक्षा समितिका सदस्य दिनेश आचार्यले मारिया मन्टेरीले यसै वर्ष देखि कक्षा २ सम्म अध्यपन गराउन अनुमति पाएको बताउदै थप



जिम्मेवार भएर बालबालिकाको शिक्षा सँगै अतिरिक्त क्रियाकलाप तथा खाद्य सुरक्षामा पनि ध्यान दिन सुझाब दिनुभयो ।

संचारकर्मी मधु अधिकारीले अहिलको प्रविधिमय युगमा बालबच्चालाई अक्षर ज्ञानमा मात्र सिमित नगराई उनीहरुको सृजनशिलता र प्रतिभालाई ध्यानमा राखेर सोहि अनुसारको शिक्षण सिकाईको आवश्यक्ता पर्ने बताउदै मारिया मोन्टेश्वरीलाई सोही गतिमा अगाडि बढाउन शुभकामना दिनुभयो । अभिभावकको तर्फबाट बोल्दै भोजराज तिवारीले संस्कार र संस्कृतिलाई ध्यानमा राखेर मन्टेश्वरीले बालबच्चालाई संस्कृत शिक्षा पनि दिदै आएकोमा खुसी व्यक्त गर्नुभयो । कार्यक्रममा अभिभावकको तर्फबाट मोहन विक , देवेन्द्र पाण्डे , मन्टेश्वरीका संरक्षक विष्णुहरि बराल लगायतले मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा विधार्थीले विभिन्न सांस्कृतिक तथा मनोरञ्जनात्मक नृत्य सहित संस्कृत श्लोक पनि प्रस्तुत गरे । मन्टेश्वरीका प्राचार्य मिना सापकोटा बरालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत विधार्थीको तर्फबाट जेनिथ तिवारी, शिक्षिक करुण गुरुङ र संचालन शिक्षिका चन्द्रा देवि गुरुङ र गंगा सुवेदीले गर्नुभएको थियो ।

# सुत्केरीलाई आमासमूहको उपहार घ्यू र अण्डा

पोखरापत्र संवाददाता
बागलुङ, १२ चैत

बागलुङको काठेखोला गाउँपालिका-२ भीमापोखराकी रुपा विकले घरपालुवा कुखुराको अण्डा जोहो गर्नुभएको छ । दुई वर्षअघि आफू सुत्केरी हुने बेला पोषण नपुग्ला कि भनेर उहाँ आबद्ध सिर्जनशील स्वास्थ्य आमासमूहले ल्याएको पोषणयुक्त खानेकुरा उहाँलाई अहिले पनि झलझली याद आउँछ ।

रुपा सुत्केरी हुनेबेला स्वास्थ्य स्वयंसेविका गीता हमालको नेतृत्वमा आमासमूहका प्रतिनिधि घ्यू, अण्डा, तरकारी, गेडागुडी र चामललगायत पोषणयुक्त खाना लिएर भेट्न पुगेका थिए । अहिले उहाँको समूहका आठ सदस्य गर्भवती छन् । उहाँहरुलाई भेट्न जाँदा आफैँले पालेका कुखुराका अण्डा उपहार लैजाने योजना रुपाले बनाउनुभएको छ ।

भीमपोखरामा रहेको आमासमूहले समूहमा आबद्ध सदस्य तथा उहाँहरुका घरपरिवारका सदस्य सुत्केरी हुँदा सामूहिकरुपमा भेट्न जाने पद्धति विकास गरेको छ । भेट्न जाँदा कोही पनि खाली हात जान पाउँदैन । समूहमा आबद्ध कसैलाई पनि कोसेली ल्याउन बाध्यकारी व्यवस्था भने छैन । आमासमूहले आफैँले गर्भावस्था र सुत्केरी अवस्थामा पोषणको कमी हुन नदिने सन्देश प्रवाह गर्ने र एकअर्कालाई सहयोग गर्नकै लागि आफ्नो घरमा जे छ त्यही कोसेलीका रुपमा लैजाने गरेका छन् । आमासमूहको अभ्यासले गर्भवती र सुत्केरीलाई पोषणयुक्त खाना खुवाउन निकै महत्वपूर्ण भूमिका खेलेको स्वयंसेविका हमालले बताउनुभयो । समूहको बैठक प्रत्येक महिनाको एकपटक आमासमूहका अध्यक्ष वा स्वयंसेविकाले खबर गरेको ठाउँ र समयमा बस्ने गरेको छ । बैठकमा सहभागीले हरेक महिना रु एक सय जम्मा गर्छन् ।

सदस्यहरुले त्यही पैसा समूहमै लगानी गरेर अप्ठ्यारो परेकालाई काम चलाउँछन् भने ब्याज रकमबाट असहाय तथा विपन्न परिवारका सुत्केरीलाई पोषण पुऱ्याउनकै लागि सहयोगसमेत गर्छन् । बैठक र सुत्केरी भेटघाटमा जाँदा आमा तथा बच्चाको स्वास्थ्य एवं पोषणसम्बन्धी धेरै कुरा थाहा पाएको समूहकी अध्यक्ष चन्द्रकला थापाले बताउनुभयो । "आमासमूहको बैठक नियमित हुन्छ, सुत्केरी भेट्न जाँदा पोषणयुक्त खाना बोकेर जाँदा घरकै उत्पादन बोकेर जान्छौँ", उहाँले भन्नुभयो, "बैठकमा जाँदा दिदीबहिनीसँग सुखदुःखका कुरा गर्न पाइन्छ ।" उहाँका अनुसार गर्भावस्था र बच्चा स्याहार्ने बेला धुप्रै समस्या हुने र आफ्नो जस्तै भोगाइ भएका हजार दिने आमाहरूसँग भेटेर ती जिज्ञासा मेटाउन पाइन्छ ।

सो समूहमा २० जना सदस्य छन् । बैठकमा समूहका सदस्यबाहेक अरू पनि आउने गरेका छन् । स्वास्थ्य र पोषणको विषयमा बुझ्न खोज्नेहरू समूहमा आउने गरेको उहाँले बताउनुभयो । बजारिया खानपानभन्दा गाउँकै उत्पादन आमा र बच्चाको स्वास्थ्यका लागि राम्रो भन्ने सन्देश आमासमूहले गाउँभरि प्रवाह गरेको छ ।

# सर्वोच्चको फैसला : 'बीएण्डसी मेडिकल कलेजलाई सम्बन्धन दिनू'

रासस
काठमाडौं, १२ चैत

सर्वोच्च अदालतले झापाको बिर्तामोडमा रहेको बीएण्डसी मेडिकल कलेजलाई सम्बन्धन दिनू भनी फैसला गरेको छ ।

न्यायाधीशद्वय डा कुमार चुडाल र सारङ्गा सुवेदीको इजलासले सोमबार बीएण्डसी मेडिकल कलेजलाई सम्बन्धन दिन फैसला गरेको हो । सर्वोच्च अदालतका प्रवक्ता वेदप्रसाद उप्रेतीका अनुसार उक्त मेडिकल कलेजलाई सम्बन्धन दिन आदेश गरेको हो । फैसलाको पूर्णपाठ पछि आउनेछ ।

मेडिकल व्यवसायी दुर्गा प्रसाईंले २०७७ मै सम्बन्धन पाउनुपर्ने माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो ।

# बिक्दैनन् दारबाट बनेका ठेकाठेकी

पोखरापत्र संवाददाता
म्याग्दी, १२ चैत

दशपाथे काठको ठेकीमा मदानी बेरेको नेतीलाई दाहिने र देब्रे हातले पालैपालो तानेर घ्वार्र... घ्वार्र.. गर्दै मही पारेको दृश्य म्याग्दीका ग्रामीण भेगमा देखिन छोडेको छ । सुविधा र बसाइँसराइका कारण गाउँमा पशुपालन गर्ने मानिसको सङ्ख्या घट्दै गएपछि काठका ठेकीमा मदानीले दही मथेर मही पार्ने चलन हराउँदै गएको हो ।

करिब एक दशकअघिसम्म म्याग्दीका ग्रामीण क्षेत्रमा पशुपालन गर्नेको सङ्ख्या बाक्लै थियो । कुनै समय गोठमा रहेका पशुचौपाया र ठेँकी हेरेर घरको हैसियत आकलन गरिन्थ्यो ।

अहिले समय, परिवेश फेरिएको छ । समयसँगै मानिस गाउँ छोडेर सहर र सहर छोडेर विदेश पस्न थालेका छन् । गाउँमा पशुपालन गर्ने, रैथाने सीपमा आधारित ठेकाठेकी बनाउने चुँदारा व्यवसाय पनि हराउँदै गएको स्थानीय बताउँछन् ।

रैथाने सीप प्रयोग गरेर जङ्गलका काठबाट बनाइने ठेकाठेकी बिक्न छोडेपछि अहिले आफ्नो पेसा नै सङ्कटमा पर्ने अवस्था आएको जिल्लाका चुँदारा व्यवसायीले बताएका छन् । गाउँघरमा कतैकतै मही पारे पनि प्लास्टिकका ठेँकीको प्रयोग हुन थालेको ५० वर्षदेखि काठका ठेकाठेकी बनाउँदै आउनुभएका बुर्तिबाङका नोठबहादुर विकले बताउनुभयो । रैथाने काठका सामग्रीलाई आयातित प्लास्टिकका सामग्रीले विस्थापित गरेको उहाँको भनाइ छ । काठबाट ठेका बनाउन विश्वकर्मा समुदायका मानिस सिपालु मानिन्छन् । ठेकी कुँदने कामलाई गाउँघरमा चुदारा पेसा भन्ने गरिएको विकले बताउनुभयो । कलात्मक रुपमा कुँदेर बनाइएका काठका सामग्रीको प्रयोग घट्दै गएपछि यो पेसामा लागेका व्यवसायी पनि सङ्कटमा पर्न थालेका उहाँको भनाइ छ ।

"व्यवसाय नै परिवर्तन गर्ने अवस्था आएको । काठका भाँडाकुँडा र सामग्री बनाउन प्रयोग गरिने दारलगायतका रुख र काठको अभाव खेपिरहेका बेला यसको प्रयोग घट्दै गएपछि जीविकोपार्जन गर्नसमेत समस्या हुन लागेको छ", विकले भन्नुभयो । वर्षौंदेखि काठ कुँदने पेसा गर्दै आएका बेनी नगरपालिका-५ पुलाचौर चिप्लेटीका श्रीकृष्णलाल विश्वकर्मालै यो पेसाबाट पलायन हुनुपर्ने अवस्था आएको बताउनुभयो । १०/१२ वर्षको उमेरदेखि बाबुबाजेले अँगाल्दै आएको पेसालाई आफूले निरन्तरता दिएको भन्दै उहाँले दरबाट बनेका ठेकाठेकी बिक्न छोडेपछि जीविकोपार्जनमा समस्या हुन थालेको बताउनुभयो । आफूले बनाएका काठका सामग्री सदरमुकाम बेनी, गलेश्वरलगायत ठाउँमा बिक्री हुने गरेकामा पछिल्लो समय बिक्रीमा कमी आएको श्रीकृष्णलालको भनाइ छ । केही वर्षअघिसम्म काठका सामान बनाएर मासिक रू २५/३० हजारसम्म आम्दानी हुने गरेको भन्दै पछिल्लो समय मेलापर्वजस्ता विशेष अवसरमा पनि काठका सामग्री बिक्री हुन छोडेका उहाँले बताउनुभयो ।

अहिले मुस्किलले मासिक रू पाँच/सात हजार मात्र कमाइ हुने गरेको श्रीकृष्णलालले बताउनुभयो । उहाँले भन्नुभयो, "प्लास्टिकका सामग्रीले बजार लिएपछि रैथाने सामग्रीको बिक्री हुन छाड्यो, अब त दुःख पनि उठ्दैन ।"

बजारमा काठका सामानको बिक्री घट्दै जानु, आयातित प्लास्टिकका सामग्रीको प्रयोग बढ्नु, गाउँघरमा काठका सामान बनाउन कच्चा पदार्थको अभाव हुनुलगायत कारणले परम्परागत काठका सामग्री बनाउन समस्या हुने गरेको छ । मेहनत धेरै लाग्ने र फाइदा कम हुने भएकाले पनि यो पेसा विस्थापित हुँदै गएको यस क्षेत्रका जानकारहरुले बताउँछन् । विशेष गरेर काठका ठेकाठेकी, मदानी, धुपौरा, चम्ठो (तेल राख्ने भाँडो), पुछै (रक्सी खाने भाँडो), खुर्पेटोलगायत समान बनाउने गरेका विश्वकर्माले यी सामानहरु बनाउन दारगिठो, गुराँस, भलाय र काफ्राको काठ प्रयोग गर्ने गर्दछन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ भिरस्वाँरामा भिरस्वाँरा सडक स्तरोन्नती निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः भिरस्वाँरा सडक स्तरोन्नती

ठेगानाः पोखरा-२१, भिरस्वाँरा

योजना सम्झौता मितिः २०८०/०९/१५ गते

योजना शुरु मितिः २०८०/०९/१६ गते

योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते

योजनाको कुल लागतः रु. १७,००,०००/-

महानगरपालिकाबाटः रु. १५,००,०००/-

जनसहभागिताबाटः रु.२,००,०००/-

अध्यक्षः राजेन्द्र पौडेल सम्पर्क नं.: ९८४६०५१७५०

सचिवः देउ बहादुर क्षेत्री कोषाध्यक्षः विमला खत्री क्षेत्री

निर्माण समिति सदस्य संख्याः ७

महिलाः ३, पुरुषः ४

**भिरस्वाँरा सडक स्तरोन्नती उपभोक्ता समिति**

**पोखरा-२१, भिरस्वाँरा**

# घोडा दौड प्रतियोगिताको उपाधि दीपेन्द्रलाई

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ चैत

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित पर्यटकीयस्थल घोडेपानीमा आइतबार भएको चौथो घोडा दौड प्रतियोगिताको उपाधि कास्कीको समरुङका दीपेन्द्र गुरुङले जितेका छन् ।

अन्नपूर्ण गाउँपालिका-६ खिवाङदेखि घोडेपानीसम्मको ६ दशमलव पाँच किलोमिटर दूरी उनले २८ मिनेट ४१ सेकेण्डमा पूरा गरे। यस्तै २८ मिनेट ४६ सेकेण्डमा दूरी पार गरेका घान्द्रुकका कृष्ण मगर दोस्रो र कास्कीको घान्द्रुककै दीपेन्द्र श्रीपालीले २९ मिनेट ५० सेकेण्डमा निर्धारित दूरी पार गरेर तेस्रो भए । प्रथम, द्वितीय र तृतीयलाई क्रमशः रु ५५ हजार, रु ३५ हजार र रु २५ हजार पुरस्कार, ट्रफी र प्रमाणपत्र प्रदान गरियो । घोडेपानी घोडा व्यवसायी समितिले आयोजना गरेको सो प्रतियोगितामा शिख, घोडेपानी, घान्द्रुक, समरुङ, उल्लेरी, फलातेलगायत ठाउँका २५ जना सहभागी भएका थिए । घोडा दौडका लागि खिवाङदेखि कुटुका-ठुलाखर्क-पेरिभारानी ताल- भलखरा -लरेनी, कालिसार हुँदै घोडेपानी जोड्ने परम्परागत मार्ग प्रयोग गरिएको प्रतियोगिताका संयोजक वीरेन गर्बुजा पुनले बताए । पर्यटन प्रवर्द्धन र घोडाको संरक्षण गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको उनले बताए।

“घोडेपानीको पर्यटन विकासमा घोडाको योगदान छ”, घोडेपानीका घोडा व्यवसायी याम पुनले भने, “सौखिन पर्यटक घोडा चढेर यात्रा गर्न रुचाउँछन् । हिँड्न नसक्ने पर्यटक घोडा चढेर गन्तब्यमा पुग्न पाएका छन् । घोडापालनबाट ढुवानीमा सहजताका साथै रोजगारी र आयआर्जनमा पनि सहयोग पुगेको छ ।” घोडेपानी युवा क्लब, आमा समूह, पर्यटन व्यवस्थापन उपसमिति र टोल सुधार समितिसँगको सहकार्यमा प्रतियोगिता आयोजना गरिएको हो। फागु पूर्णिमा पर्वको अवसरमा आयोजित घोडा दौड प्रतियोगिताले अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख पर्यटकीय गन्तव्य घोडेपानीमा पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको घोडेपानी होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मीना पुनले बताए । घोडा दौड अवलोकनका लागि उल्लेख्य सङ्ख्यामा पर्यटकको उपस्थिति थियो ।

पुनहिल र घोडेपानीबाट सुर्योदय, हिमाल, पहाडी भूगोल, जङ्गलको मनमोहक दृष्य अवलोकन गर्न पर्यटक आउने गर्छन् । म्याग्दीको प्रमुख पर्यटकीय गन्तव्य घोडेपानी विश्व प्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा समेटिएको छ । घोडेपानी र घोडाको ऐतिहासिक सम्बन्ध छ। परापूर्वकालमा घोडेपानी भोटमा नुन लिन जाने, दामोदरकुण्डको तीर्थयात्रा गर्ने र चिनियाँ नागरिकलाई भारतीय बजार जाने आउने माध्यम घोडा नै थिए।

# दोस्रो वडा अध्क्षय कपको उपाधी सृर्जनजशील क्लबलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत



बासकोटमा जारी दोस्रो सेभेन एसाइड वडा अध्क्षय कप २०८० को उपाधी सृर्जनशील क्लब ग्रीनले हात पारेको छ।

आईतबार भएको फाइनल खेलमा लामागाउँ एफसी ए लाई पेनाल्टी सुटआटमा हराउदै नगद ५० हजार शिल्ड ,ट्रफि , मेडल र प्रमाण प्रत्र प्राप्त गऱ्यो । दोस्रो भएको लामा गाउँले नगद ३० हजार ट्रफि मेडल प्रमाणपत्र पाएको थियो। गत वर्षको विजेता रहेको लामागाउँलाई हराउदै आयोजकको क्लबले कप जितेको हो । फाइलन खेलको समापन कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका २४ कास्कीकोटका वडा अध्क्षय भरत वहादुर अधिकारीले कास्कीकोटले राम्रो खेलाडीहरु उत्पादन गरीरहेको बताए।

उनले भने , प्रतियोगितामा प्रथम भएर धेरै खुसी लागेको भन्दै बासकोट खेलमैदानको भौतिक निमार्णमा अझै वडाले सहयोग गर्ने प्रतिवद्धता समेत जनाए। बासकोट खेलमैदान लाई वडाको मात्र खेल मैदान नभएर समग्र यस क्षेत्रको खेल मैदानको रुपमा विकास गर्न वडा लागी परेको बताए। विकास भनेको वाटो घाटो मात्र भन्ने सोच रहेको भन्दै अधिकारीले स्वास्थ्यको लागी खेलमा गरेको लगानी पनि विकास नै भएको बताए। चैत्र ९ गते देखि संचालन भएको वडा अध्क्षय कपमा पोखरा महानगरपालिकाका वडा नं २३,२४ र १८ वडामा २० टिमको सहभागीता रहेको थियो

रङहरुको पर्व फागु पुर्णिमा होलिको अबसर पारेर सृजनशिल क्लब पोखरा २४ बासकोटले कपको आयोजना गरेको थियो। आगामी बर्ष पनि प्रतियोगीता गर्ने क्लबका अध्क्षय शिव जिसिले बताए । उनले भने , खेलक्षेत्रको बिकास ,खेलमार्फत ठाउँको पहिचान, सामाजिक सद्भाव बढाउन ,समाज परिवर्तनका लागि खेलकुद भन्ने उद्देश्य राखीएको छ। प्रतियोगितामा उत्कृष्ट गोलकिपर सृर्जनशीलका आशिश दवाडीले हात पारे। उनले नगद २५ सय ट्रफि मेडल र प्रमाणपत्र पाए। सर्बाधिक गोलकर्ता भिम गौतमले नगद २५ सय मेडल प्रमाणपत्र पाएका थिए।

सर्बोकृस्ट खेलाडी लामा गाउँका सरोज तामाङ घोषीत भए। उनले नगद २५ सय मेडल ट्रफि र प्रमाण पत्र पाए। अनुशाशित टिमको पुरस्कार फेवा क्लब पामेले प्राप्त गरेको छ। क्लब स्थापनाकाल देखि नै विभिन्न सामाजिक क्षेत्रमा शक्रिय रहदै आएको छ। प्रतियोगितावाट वचत भएको रकम बासकोट खेल मैदान निमार्णमा खर्च गरीने क्लबले जनाएको छ।

# पदयात्रा र घरबाससँग जोडिँदै ठूलास्वाँराको पर्यटन

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ चैत

प्राग ऐतिहासिककालको झल्को दिने खालका ठूलाठूला ढुङ्गा, गाउँको शिर माझथुममा परम्परागत ढिकी जाँतो र पर्खालका अवशेषलगायत कारण मादी गाउँपालिका-५ स्थित ठूलास्वाँराको छुट्टै पहिचान स्थापित हुँदै गएको छ।

ठूलो सङ्ख्यामा गुरुङ समुदायको बसोबास रहेको यस गाउँमा अन्य जातजातिका मानिस प्राचीनकालदेखि आपसी सद्भाव र एकता कायम गर्दै बसिरहेका छन्। पर्यटकीय राजधानी पोखराबाट नजिकै रहेको प्रकृति र संस्कृतिले सम्पन्न यो गाउँ तत्कालीन बेलायती राजकुमार चार्ल्सले पदयात्रा गरेको रोयल ट्रेक क्षेत्रमा पर्ने भएकाले यसलाई पदयात्रा पर्यटनसँग जोड्दै विकास गर्ने योजना बनाइएको छ । बेलायती राजकुमार चार्ल्स सन् १९८० डिसेम्बरमा पदयात्रा गर्दा ठूलोस्वारा नजिकैको चिन्तेको डाँडा हुँदै पदयात्रा गरेकाले यहाँका स्थानीय सोही बेलादेखि पदयात्रा पर्यटनसँग परिचित छन् ।

गण्डकी प्रदेशभित्रका विभिन्न पदमार्गमध्येको एक महत्वपूर्ण मार्गका रुपमा ‘रोयल ट्रेक’ रहेको ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका पूर्वअध्यक्ष एवम् नेपाल पर्यटन बोर्डका पूर्वकार्यकारी सदस्य टीकाराम सापकोटाले बताउनुभयो । राजकुमार चाल्सले पदयात्रा गरेसँगै यस पदमार्गले रोयल ट्रेकका रुपमा चासो र चर्चा कमाएको उहाँको भनाइ छ। सडक विस्तारका क्रममा राजकुमार चार्ल्स हिंडेको पदमार्ग ठाउँठाउँमा प्रभावित भएका अवस्थामा यसको महत्वलाई जीवन्त राख्नका लागि उहाँ हिंडेको बाटोसँगै आसपासका केही वैकल्पिक मार्ग समेतलाई समेटेर रोयल ट्रेकलाई जीवन्त राख्न खोजिएको उहाँले बताउनुभयो । रोयल ट्रेकसँगै गण्डकी प्रदेशमा विश्वकै १० उत्कृष्ट पदमार्गमध्येको अन्नपूर्ण चक्रीय, धवलागिरि, मर्दी र सहस्राब्दी पदमार्ग(मिलेनियम ट्रेक) चर्चित पदमार्ग छन् । तत्कालीन समयमा युवराज चार्ल्सले विजयपुर स्थित चाँपको चौरबाट पदयात्रा थाल्नुभएको थियो । उहाँ पहिलो दिन विजयपुरमाथिको चिन्तेको डाँडामा पुगी रात बिताउनुभएको थियो। दोस्रो दिन उहाँले कालिका, सौरे, लिपयानी, राम्चे, हुँदै स्याक्लुङको डाँडामा पुगी दोस्रो रात बिताउनुभएको थियो । तेस्रो दिन रुपाकोटको चिसापानीमा बास बस्नुभएका चार्ल्स बेगनास तालको जङ्गलमा चौँथो रात बिताएर काठमाडौँ फर्कनुभएको उल्लेख छ। युवराज चार्ल्सले पदयात्रा गरेको ‘रोयल ट्रेक’को गरिमा र महत्वलाई जोगाउनका लागि आसपासका ठूलास्वारा लगायतका गाउँलाई समेट्दै मार्ग निर्माणको पहल गरिएको सापकोटाको भनाइ छ । उहाँका अनुसार रोयल ट्रेककै रुपमा पोखराको कसेरीबाट थामल्हाम्जा, ठूलास्वारा, चितेपानी, देउमाडी हुँदै ठूलाकोटसम्म एक दिने पदयात्रा मार्गका रुपमा अघि बढाइएको छ । दोस्रो दिन ठूलाकोटबाट स्याक्लुङ, तेस्रो दिन स्याक्लुङबाट चिसापानी र चौँथो दिन चिसापानीबाट बेगनासाताल हुँदै पोखरा फर्कने गरी पदयात्रा मार्ग तय गरिएको सापकोटाले जानकारी दिनुभयो । यस पदमार्गलाई बेगनास चिसापानीबाट स्याक्लुङहुँदै ठूलाकोट, भैँसे, थाक, पार्चे हुँदै सिक्लेस जोडेर लम्ब्याउन पनि सकिने उहाँको भनाइ छ। रोयल ट्रेकअन्तर्गतका गाउँमा पछिल्लो समयमा पदयात्रालाई घरवाससँग जोड्दै पर्यटकीय विकास बढाउन स्थानीयवासीले पनि पहल थालेका छन् । स्थानीयवासीको जागरुकतासँगै पदमार्ग क्षेत्रस्थित मादी गाउँपालिका-५ ठूलास्वारामा दुई वर्षदेखि घरवास( होमस्टे) सञ्चालनमा ल्याइएको मादी गाउँपालिका होमस्टे महासङ्घका अध्यक्ष भीम गुरुङले बताउनुभयो । “यहाँका पाँचवटा घरमा होमस्टे सञ्चालनमा ल्याइएको छ”, उहाँले भन्नुभयो, “पोखराबाट छोटो दुरीमा रहेको यस ठाउँमा हामीले प्रत्येक दिन ४० जनासम्म पर्यटक राख्न सक्नेगरी पूर्वाधार विकास गरेका छौँ ।” पर्यटकका साथै विभिन्न सङ्घ संस्थाका कार्यक्रम, तालिमलगायत सञ्चालन गर्नका लागि ठूलास्वारा तमु समाजको सक्रियतामा सामुदायिक भवन समेत निर्माण गरिसकिएको छ । गाउँको ऐतिहासिकता झल्काउने प्राग ऐतिहासिक कालदेखि नै रहेको अनुमान गरिने ठूलाठूला ढुङ्गाहरू, माझथुमा डाँडामा रहेका ढिकी, जाँतो, प्राचीन पर्खाल आदिका अवशेषका कारण यस ठाउँको पुरातात्विक महत्व रहेको गुरुङको भनाइ छ। बाइसे चौबिसे राजाका पालामा रहेको घोडा लुकाउने ठाउँ, राजाहरू बस्ने बस्ने रानी ओढार आदिलाई पनि पर्यटनसँग जोड्ने आँफूहरूको लक्ष्य रहेको उहाँले बताउनुभयो।

घरवासमा आएका पर्यटकलाई स्थानीयवासीले परम्परागत पोशाकमा सजिएर स्वागत गर्ने गर्दछन् । घरवासमा पुगिसकेपछि चियासँगै स्थानीय उत्पादन मकै, भट्टलगायत स्थानीय परिकारका स्वाद लिने पर्यटकले बेलुका प्राङ्गारिक उत्पादनकै खाना खान पाउँछन् । बेलुकी स्थानीय ठूलास्वारा आमा समूहको सांस्कृतिक प्रस्तुति पनि अवलोकन गर्न पाइन्छ । घरवासहरूमा पर्यटकलाई सुत्नका लागि चटक्क मिलाइएको सफा विस्ताराको व्यवस्था गरिएको छ। घरवासमा आएका पर्यटकलाई यथासक्य स्थानीय उत्पादन खुवाउन प्रयास गरिनु यहाँको विशिष्टता हो । यहाँको घरवासमा गाउँमा नै उत्पादन भएका कृषिजन्य वस्तुको खपत भइरहेको चितेपानी देउराली आमा समूहका अध्यक्ष सावित्री सापकोटाले जानकारी दिनुभयो।

ठूलास्वाराको पर्यटकीय सम्भावनालाई उजागर गर्न गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकी प्रदेशले प्राथमिकतामा राखेको भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले बताउनुभयो । “गाउँको पर्यटन प्रवर्द्धनका लागि हामीले हालै पर्यटनसम्बद्ध सङ्घ संस्थाका प्रतिनिधि, सञ्चारकर्मी सहितको गाउँ परिचयात्मक भ्रमण सम्पन्न गरेका छौँ”, उहाँले भन्नुभयो, “पर्यटकीयन राजधानी पोखरा नजिकै रहेको ठूलास्वारा पर्यटकीय दृष्टिबाट धेरै सम्भावना बोकेको स्थान हो ।” ठूलास्वारालाई पर्यटनसँग जोड्न सकिने धेरै सम्भावना रहेको बताउनु हुने मादी गाउँपालिकाका अध्यक्ष देवीजङग गुरुङले प्रकृति र संस्कृतिको उपयोगसँगै स्थानीय उत्पादनलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । ठूलास्वाराको पर्यटकीय विकासलाई गाउँपालिकाले प्राथमिकतामा राखेको उहाँको भनाइ छ । ठूलास्वारालाई पोखराबाट एक दिने हाइकिङको गन्तव्यका रुपमा पनि विकास गर्न सकिने देखिएको हाइकर्स क्लब नेपालका अध्यक्ष कृष्ण रानाभाटले बताउनुभयो। यस क्षेत्रलाई हाइकिङको गन्तव्यका रुपमा विकास गर्न सके आन्तरिक तथा बाह्य पर्यटकको आगमन थप बढ्ने उहाँको भनाइ छ।


## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/१२/१३)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावाँ, व्याज एवं हर्जना व्याज र अन्य दै-दस्तुर समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावाँ, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वामा रहेको तथा निजहरुको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारवाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपशिल**

| क्र सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानी को फोटो | जमानीको विवरण |
|---|---|---|---|---|
| १. |  | सदस्यता नं. : १६९९<br>**नाम : सुनिता आचार्य**<br>जन्म मितिः : २०४१/०३/२३<br>ना.प्र.नं : ४६३०१४/४५<br>जारी मितिः : २०६३/११/२३ जि.प्र.का. कास्की<br>बाबु : बलराम गौतम<br>पति : बासुदेब आचार्य<br>बाजे/ससुरा : मोतिलाल आचार्य<br>ठेगाना साविक : अर्मला-२, कास्की<br>हाल : पोखरा-१६, कास्की<br>सम्पर्क नं. : ९८२५१८६९०४ |  | १. **नामः : बासुदेब आचार्य**<br>ना.प्र.नं. : ८१५१४<br>जन्म मिति : २०३९/०९/२६<br>जारी मिति : २०५६/२/५ जि.प्र.का. कास्की<br>बाबु : मोतिलाल आचार्य<br>बाजे : बिष्णु प्रसाद आचार्य<br>ठेगाना : साविक अर्मला-२, कास्की<br>हाल : पोखरा-१६, कास्की<br>सम्पर्क नं : ९८१९१७२१४१ |
| **धितो विवरणः** श्री सुनिता आचार्यको नाममा रहेको कास्की जिल्ला साबिक गर्लाङ्ग छहरेपानी गा.बि.स. वडा नं.०५ स्थित कित्ता न. १०७६ क्षेत्रफल १-०-१-२ | | | | |
| २. |  | सदस्यता न : १५५३<br>**नाम : लालकाजी गुरुङ**<br>जन्म मिति : २०३२/०१/१५<br>ना.प्र.नं. : १४२०<br>जारी मितिः : २०४९/०७/३० जि.प्र.का कास्की<br>बाबु /पत्नी : पदम बहादुर गुरुङ दिपा गुरुङ<br>बाजे/ससुरा : मनिराज गुरुङ<br>ठेगाना साविक : रुपाकोट ९, कास्की<br>हाल : पोखरा १४, कास्की<br>सम्पर्क नं : ९८०६५८५५६५ |  | १. **नाम : दिपा गुरुङ**<br>जन्म मिति : २०४५/११/२८<br>ना.प्र.न. : ४६१००१११३३६<br>जारी मिति : २०६७/०२/०२<br>जि.प्र.का : कास्की<br>बाबु /पति : ओम बहादुर गुरुङ /लालकाजी गुरुङ<br>बाजे/ससुरा : पदम बहादुर गुरुङ<br>ठेगाना : साविक रुपाकोट ९, कास्की<br>हाल : पोखरा १४, कास्की<br>सम्पर्क नं : ९८०६७७१३७८ |
| | | |  | २. **नाम : सिता गुरुङ**<br>नागरिकता न. : ४६०१७३००६३४ कास्की<br>बाबुको नाम :<br>पतिको नाम : ओम बहादुर गुरुङ<br>बाजेको नाम : हर्क बहादुर गुरुङ<br>ठेगाना : साबिक पोखरा १८, कास्की<br>हालको ठेगाना : पोखरा १४, कास्की |
| | | |  | ३. **नाम : सुनिल मगर**<br>ना.प्र.न : ४६१००२/१२४१<br>जन्म मिति : २०४८/१२/१५<br>जारी मिति : २०६५/०३/३० कास्की<br>बाबु : लाल बहादुर मगर<br>बाजे : पदम बहादुर मगर<br>ठेगाना : साविक लेखनाथ १, कास्की<br>हाल : पोखरा २९, कास्की<br>सम्पर्क नं. : ९८५६०६६१०७ |
| **धितो विवरणः** श्री लाल काजी गुरुङको नाममा रहेको कास्की जिल्ला वडा न. ०३ रुपाकोट स्थित कित्ता न. ७१०८, ७१०६, ७१०४ क्षेत्रफल ०-०-१-१, ४-६-१-०, २-१-२-१ | | | | |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**